# मरिण राजपत्र

मरिण गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्ड ५ मरिण, जेष्ठ १८ गते, २०७९ साल संख्या १


## भाग २

## मरिण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालयको
## सूचना

### शिक्षा (प्रथम संशोधन) नियमावली, २०७९

मरिण गाउँपालिकाको शिक्षा नियमावली, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, मरिण शिक्षा ऐन, २०७५ को दफा ४८ ले दिएको अधिकार प्रयोग गरी मरिण गाउँ कार्यपालिकाले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :- (१) यो नियमावलीको नाम " शिक्षा (प्रथम संशोधन) नियमावली, २०७९" रहेको छ।

(२) यो नियमावली मरिण गाउँपालिका क्षेत्रभर लागु हुनेछ।

(३) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **शिक्षा नियमावली, २०७५ को नियम २६ मा संशोधन :-**

शिक्षा नियमावली, २०७५ ( यस पछि "मूल नियमावली" भनिएको) को नियम २६ को उपनियम २(१) को सट्टा देहायका उपनियम २(१) राखिएको छ ।

(२) उपनियम (१) बमोजिम सदस्य छनौट गर्ने सम्बन्धमा अभिभावकलाई सहयोग गर्नको लागि सम्बन्धित वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यको संयोजकत्वमा शिक्षा शाखा प्रमुख वा निजले तोकेको कर्मचारी र प्रधानाध्यापक रहेको तीन सदस्यीय छनौट सहयोग समिति रहनेछ ।

आज्ञाले
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत